फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

प. सं. (Ref. No.):- ०८०।८१
च. सं. (Dispatch No.):-

दोस्रो पटक प्रकाशित मितिः २०८०/१०/२१
ने.सं ११४४ पोहेलागा,९ आइतबार

सुचना ! सुचना !! सुचना !!!

पाँचखाल नगरपालिका अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम(CBR) सञ्चालन गर्न् देहायका मापदण्ड पुरा भएका अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाहरुबाट के कति दररेटमा कार्यक्रम गर्न सकिने हो, यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र पाँचखाल नगरपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा दररेट सहितको प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। साथै यस स्थानीय तहमा सञ्चालनमा रहेका संस्थाहरुलाई प्राथमिकता दिइने व्यहोरा समेत अनुरोध गरिन्छ।

**<u>मापदण्ड</u>**

(क) संस्था अपाङ्गता भएका व्यक्तिद्धारा सञ्चालित हुनुपर्ने र विधानमा सबै अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उद्देश्य भएको हुनुपर्ने। अभिभावकहरुका संस्थाको हकमा भने बौद्धिक अपाङ्गता,अटिजम,श्रवण दृष्टिविहिन, डाउन्ससिन्ड्रोम र बहु अपाङ्गता भएका व्यक्तिका अभिभावकहरुकोसंस्था हुनुपर्ने।
(ख) संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र हरेक वर्ष नियमित नविकरण गरेको हुनुपर्ने।
(ग) संस्थाको आफ्नो कार्यालय,कर्मचारी संख्या र आधिकारिक सम्पर्क नम्बर,इमेल ठेगाना भएको हुनुपर्ने।
(घ) संस्था समाज कल्याण परिषदमा आवद्ध र नियमित नविकरण भएको हुनुपर्ने।
(ङ) संस्था स्थानीय तहमा सुचीकृत भएको हुनुपर्ने।
(च) संस्थासँग अपाङ्गता क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने र नियमित लेखा परिक्षण गरेको हुनुपर्ने।
(छ) संस्था वा संस्थामा काम गर्ने वर्तमान पदाधिकारी,कर्मचारी वा स्वयंसेवक कुनै लैङ्गिक तथा यौनदुर्व्यवहार,भेदभाव जन्य कामहरु,भ्रष्टचार,गैरकानुनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्ने।
(ज) विगतमा काम गरेको बजेट परिचालन र संस्थाको प्रोफाइल।
(झ) संस्थाको आर्थिक तथा प्रशासनीक नियमावली।

*** अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० र बजेट रु.३,००,०००/-(अक्षेरुपी तीन लाख रुपैयाँ मात्र) को परिधि भित्र रही प्रस्ताव पेश गर्नुपर्ने छ।**

.............................
सुर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: Email: panchkhal.municipality@gmail.com | info@panchkhalmun.gov.np | वेवसाईट/Website:http//panchkhalmun.gov.np